# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्या:१३ कार्यपालिकाबाट पारित मितिः २०७९।०५।२३

प्रमाणिकरण:२०७९।०५।२६

प्रकाशन मितिः २०७९।०५।२६

## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिका विपन्न नागरिकलाई आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

**<u>प्रस्तावना:</u>** विभिन्न कारणले आर्थिक अभाव भएर नगरपालिकामा आउनु हुने विपन्न नागरिकलाई औषधि/उपचार, उद्धार, संरक्षण, मनोसामाजिक विमर्श, सामाजिकीकरण, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना कार्यक्रमहरुमा आर्थिक सहयोग गरी खर्च गर्न वाञ्छनीय भएकोले ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को उपदफा १ बमोजिम यो कार्यविधि जारी गरिएको छ।

#### परिच्छेद-१

#### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विपन्न नागरिकलाई आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" रहनेछ।

ठाकुरबाबा नगरपालिका विपन्न नागरिकलाई आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

(२) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" ठाकुरबाबा नगरपालिका, सैनवार बर्दियालाई सम्झनु पर्दछ।

(ख) "प्रमुख" भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## उद्देश्य

३. **कार्यक्रमको उद्देश्यः** विपन्न नागरिकलाई आर्थिक सहायता कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् -

(१) विपन्न नागरिकको आर्थिक सहायताद्वारा औषधि/उपचार, उद्धार, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनर्स्थापना गरी सहयोग पुर्याउने।

(२) विपन्न नागरिकप्रति उत्तरदायी बन्ने र स्थानीय सरकारको महशुस गराउने।

(३) तत्कालिन असहज अवस्था र परिस्थितिलाई बुझेर आर्थिक सहायता मार्फत जनताको सेवा गर्ने।

## परिच्छेद-३

## खर्च लेखाङ्कन र लेखा परीक्षण

### ४. खर्च लेखाङ्कन र लेखा परीक्षणः

(१) नगर प्रमुख समक्ष आएका निवेदन र प्रमाणका आधारमा ठाकुरबाबा नगरपालिकाको नगर सभा र नगर कार्यपालिकाले दिएको अधिकार प्रयोग गरी बढीमा रु. १०,०००।- (अक्षरुपी दश हजार) सम्म नगर प्रमुखको तोक आदेश अनुसार आर्थिक सहायता गरिनेछ तर एक आर्थिक वर्षमा सोही व्यक्तिलाई एक पटक भन्दा बढी आर्थिक सहायता दिइने छैन।

(२) नगर प्रमुख समक्ष आएका निवेदनमा रु. १०,०००।- (अक्षरुपी दश हजार) भन्दा माथिको रकम आर्थिक सहायता गर्नु परेमा ठाकुरबाबा नगरपालिकाको नगर कार्यपालिकाको निर्णय बमोजिम खर्च गर्ने ।

ठाकुरबाबा नगरपालिका विपन्न नागरिकलाई आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

(३) उपदफा (१) र (२) बमोजिम भएको आर्थिक सहायता भुक्तानी लिँदा सम्बन्धित लाभग्राहीले खर्चसँग सम्बन्धित सक्कल बिलभरपाई र खर्च प्रमाणित गर्ने अन्य आधारहरु पेश गर्नुपर्ने छ ।

(४) नेपाल सरकारबाट तलब, भत्ता तथा अन्य सेवा सुविधा पाउने नागरिकलाई यो कार्यविधि बमोजिम आर्थिक सहायता दिइने छैन।

(५) उपदफा (४) मा जे लेखिएतापनि अति विपन्न, असहाय तथा विशेष प्रकृतिका नागरिकलाई आर्थिक सहायता दिन बाधा पर्ने छैन।

(६) खर्च रकम सालबसाली रुपमा नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ

(७) खर्च लेखाङ्कन गरिएको रकमको नियमानुसार लेखापरीक्षण गराउनु पर्नेछ ।

(८) कार्यविधि बनाउनु अगाडि नै विपन्न नागरिकलाई आर्थिक सहायताका लागि खर्च भएको रकम समेत यसै कार्यविधि अनुसार खर्च भएको मानिनेछ ।

## परिच्छेद-४

## विविध

**५. विविधः** यस कार्यविधिको व्याख्या, संशोधन र खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा रहनेछ।

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिका विपन्न नागरिकलाई आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९